राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक ३१५ | २०८३ साउन १२ गते मंगलवार | (Tuesday, 28 July, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

### शिक्षा मन्त्रीको स्थलगत निरीक्षण

# 'अब बर्दिबास मेडिकल कलेज निर्माण हुन्छ'

राजकरण महतो

*बर्दिबास, साउन ११ गते ।*

लामो समयदेखि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना-बर्दिबास मेडिकल कलेज भौतिक पुर्वधार निर्माणको अन्योललाई चिर्दै सरकारले काम अघि बढाउने भएको छ । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले आयोजना कुनै हालतमा नरोकिने भन्दै निर्माणको उपयुक्त मोडेल तय गरेर काम अघि बढाउने बताएका छन् ।

सोमबार प्रस्तावित मेडिकल कलेज निर्माणस्थलको स्थलगत निरीक्षण गर्दै मन्त्री पोखरेलले आयोजना घोषणा भएको लामो समय बितिसक्दा पनि निर्माणको काम अघि बढ्न नसक्नुमा विगतमा आवश्यक आधारभूत तयारी र कार्यान्वयनको स्पष्ट ढाँचा तय हुन नसक्नु मुख्य कारण रहेको दावी गरेका छन् ।

उनले बर्दिबास मेडिकल कलेज मधेश प्रदेशका लागि महत्वपूर्ण परियोजना भएकाले यसको सञ्चालन र व्यवस्थापनका लागि उपयुक्त संरचना तय गर्न सरकारले बिस्तृत अध्ययन गरिरहेको जानकारी दिए । विश्वविद्यालयअन्तर्गत सञ्चालन गर्ने वा छुट्टै स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरेर अघि बढाउने भन्ने विषयमा विकल्पहरूबारे अध्ययन भइरहेको मन्त्री पोखरेलको भनाइ थियो ।

'मेडिकल कलेजमा लगानी गर्न राज्यले लोभ गर्नुहुँदैन, र हामी गर्दैनौं पनि । यस क्षेत्रमा यस्तो स्तरको मेडिकल कलेज आवश्यक छ । त्यसैले कुन मोडेलमा सञ्चालन गर्ने भन्ने विषयमा गम्भीर अध्ययन भइरहेको छ,' उनले भने । उनका अनुसार सञ्चालनको उपयुक्त संरचना पहिचान भएपछि त्यसैअनुसार निर्माण प्रक्रिया अघि बढाइनेछ । मेडिकल कलेजजस्तो दीर्घकालीन महत्वको परियोजनालाई राज्यले आवश्यक स्रोत र लगानीसहित अघि बढाउनुपर्नेमा सरकार स्पष्ट रहेको उनले बताए ।


प्रस्तावित बर्दिबास मेडिकल कलेज निर्माणस्थलको स्थलगत निरीक्षण पश्चात सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेल । तस्बिर: द पब्लिक टुडे

बर्दिबास मेडिकल कलेज खारेज हुन लागेको भन्ने चर्चा निराधार रहेको पनि मन्त्री पोखरेलले स्पष्ट पारे । आयोजनाका लागि बजेटको व्यवस्था भइसकेकाले परियोजना रोक्ने सरकारको कुनै योजना नरहेको उनले बताए । मेडिकल कलेज निर्माणको घोषणा भएको लामोसमयसम्म पनि काम सुरु हुन नसकेको विषयमा मन्त्री पोखरेलले विगतको तयारीप्रति असन्तुष्टि जनाए । योजनाबद्ध रूपमा काम अघि बढाउन सकेको भए आयोजना यति लामो समयसम्म अल्झिनुपर्ने अवस्था नआउने उनको भनाइ थियो । 'राम्रोसँग योजना बनेको भए त उहिल्यै बन्थ्यो होला । अब हामी यसलाई व्यवस्थित रूपमा अघि बढाउँछौं,' उनले भने ।

**माग उठाएको पुग्यो करिब डेढ दशक**

डा. गोविन्द केसी चिकित्सा क्षेत्रको सुधारका लागि २०६९ सालदेखि आमरण अन्सन गर्दै आएको छ। त्यसो त दशकौंदेखि शिक्षा, स्वास्थ्यजस्ता सेवा सुधारका लागि नगरिक स्तरबाट आन्दोलन हुँदै आएको छ। तर, उनले यो क्षेत्रको सुधारका लागि २०६५ सालदेखि नै आवाज उठाउदै आएका छन् ।

सरकारलाई पटक-पटक ज्ञापनपत्र बुझाउने, छलफल गर्ने र ध्यानाकर्षण गराउने प्रयास असफल भएपछि डा. केसी २०६९ साल असार २१ गते पहिलो पटक अनसन बसेका थिए ।

डा. केसीको आन्दोलनले नै मुलुकमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ निर्माणको आधार तयार गरेको थियो । चिकित्सा शिक्षामा राजनीतिक हस्तक्षेप रोक्ने, निजी मेडिकल कलेजको मनपरी नियन्त्रण गर्ने, दुर्गम क्षेत्रमा सरकारी मेडिकल कलेज विस्तार गर्ने र स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्ने उद्देश्य बोकेको ऐन बने पनि त्यसको प्रभावकारी कार्यान्वयन भने अझै हुन सकेको छैन । ऐन बनेको ८ वर्ष पुग्न लाग्दा पनि धेरै प्रावधान कार्यान्वयनविहीन छन् । डा. केसिको आन्दोलन गरेकै करिब १५ बर्ष भैइसकेको छ ।

यसै आन्दोलनको माग तहत बर्दिबासमा मेडिकल कलेज निर्माण बारे आर्थिक वर्ष २०७३/०७४ योजना समेटिएको थियो ।

तर, बजेटमा योजना परेको ११ वर्ष हुँदापानी कलेजको काम भौतिक पुर्वधार तर्फ अघि बढेको छैन । यसले मधेश प्रदेशबासिमा निराशा बढाउदै आएको छ। आयोजना निर्माण सम्पन्न भए ६२ लाख जनसंख्या भएको मधेश प्रदेशमा चिकित्सा शिक्षाको विस्तारसँगै विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचसमेत बढ्ने अपेक्षा गरिएको छ ।

मन्त्री पोखरेलको स्थलगत निरीक्षणपछि बर्दिबास मेडिकल कलेज निर्माणले गति लिने आशा स्थानीयमा पलाएको छ । यद्यपि, सञ्चालनको मोडेल टुंगो लगाएर निर्माणको वास्तविक काम कहिले सुरु हुन्छ ? भन्ने विषयमा सरकारको आगामी निर्णय महत्वपूर्ण हुनेछ ।

प्रतिनिधिसभा सदस्य प्रमोदकुमार महतोले बर्दिबास मेडिकल कलेजलाई अब थप समय अल्झाउन नहुने बताए । मधेश प्रदेशका लाखौं नागरिकको स्वास्थ्य र चिकित्सा शिक्षासँग प्रत्यक्ष जोडिएको आयोजना भएकाले सरकारले यसलाई राष्ट्रिय प्राथमिकतामा राखेर निर्माण अघि बढाउनुपर्ने उनको भनाइ थियो ।

# सुरुङमार्गबाट गाडी सरर...



द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन ११ गते ।*

नेपालकै पहिलो आधुनिक सुरुङमार्ग 'सिस्नेखोला-नागढुंगा' सोमबारदेखि औपचारिक रूपमा सञ्चालनमा आएको छ। सोमबार पूर्वाधार विकासमन्त्री सुनील लम्साल, नेपालका लागि जापानी राजदूत माएदा तोरु तथा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)का नेपाल अध्यक्ष मिजुकी मात्सुजाकीलगायतको उपस्थितिमा सुरुङमार्गको औपचारिक उद्घाटन गरिएको हो ।

सुरुङमार्गको उद्घाटन भएसँगै यसको निर्माणभन्दा पनि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यासका क्रममा राखेको र पछि हराएको शिलालेखको विषय चर्चामा आएको छ ।

उद्घाटन समारोहपछि सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री लम्सालले २०७६ सालमा तत्कालीन

- बाँकी पृष्ठ ३ मा

# डा. गोविन्द केसीले तोडे अनशन

द पब्लिक टुडे समाचारदाता

*गौशाला, साउन ११ गते ।*

सरकार र डा. गोविन्द केसीबीच सातबुँदे सहमति भएको छ । सहमतिसँगै डा. केसीले आफ्नो अनशन तोडेका छन् ।

सरकार र डा. केसीबीच भएको सहमतिमा शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय, गेटा, कैलालीलाई पूर्ण क्षमतामा सञ्चालन गरी एमबीबीएसलगायतका शैक्षिक कार्यक्रम अघि बढाउने, चिकित्सा शिक्षा सुधारका विषयलाई कार्यान्वयनमा लैजाने, सुदूरपश्चिमलगायत सीमावर्ती क्षेत्रको स्वास्थ्य, शिक्षा तथा पूर्वाधार विकासलाई प्राथमिकता दिने र विगतमा भएका सहमति कार्यान्वयनको अवस्थाबारे अध्ययन गर्नेसम्मका विषय समेटिएका छन् ।



सहमतिअनुसार शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय, गेटामा कम्तीमा तीन सय शैयाको शिक्षण अस्पताल पूर्ण क्षमतामा सञ्चालन गरिनेछ । त्यसका लागि आवश्यक जनशक्तिको तत्काल व्यवस्था गरी एमबीबीएसलगायतका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने सहमति भएको छ ।

तीन सय शैयाको शिक्षण अस्पताल सञ्चालनका लागि विश्वविद्यालयले तत्काल प्रक्रिया अघि बढाउनेछ । त्यसका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालयले आवश्यक समन्वय तथा सहजीकरण गर्ने सहमतिमा उल्लेख छ ।

त्यसैगरी, विश्वविद्यालयको सभाबाट पारित भएबमोजिम एमबीबीएसलगायतका शैक्षिक कार्यक्रम सञ्चालनका लागि संकाय तथा जनशक्ति भर्ना, पाठ्यक्रम स्वीकृति र अन्य आवश्यक शैक्षिक तयारी तत्काल पूरा गरिनेछ । विश्वविद्यालयले तीन सय शैयाको शिक्षण अस्पताल सञ्चालनका लागि

- बाँकी पृष्ठ ३ मा

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# भनाइ होइन, गराइको परीक्षा

सरकार गठन हुँदा नागरिकले राजनीतिक स्थिरतासँगै सुशासन, सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान र विकासले गति लिने अपेक्षा गरेका थिए । तर चार महिनापछि पनि जनताले अनुभूति गर्ने परिवर्तन अपेक्षाअनुसार देखिएको छैन । सरकारको मूल्यांकन घोषणा र भाषणबाट होइन, त्यसको कार्यसम्पादनबाट हुन्छ ।

हालै धनुषा भ्रमणका क्रममा कृषिमन्त्री गीता चौधरीले माटोको उर्वराशक्ति जोगाउन रासायनिक मलको निर्भरता घटाई गोठे मल, कम्पोष्ट तथा अन्य प्रांगारिक मलको प्रयोग बढाउनुपर्नेमा जोड दिइन् । उत्पादन वृद्धि र वातावरणमैत्री कृषि प्रणालीका लागि उनका सुझाव सान्दर्भिक छन् । तर यी कुनै नयाँ अवधारणा होइनन् । कृषि विज्ञहरूले वर्षौंदेखि उठाउँदै आएका यिनै सुझाव कार्यान्वयनको अभावमा सीमित भएका हुन् । त्यसैले अब चुनौती नयाँ योजना घोषणा गर्ने होइन, पुराना प्रतिबद्धतालाई व्यवहारमा उतार्ने हो ।

मधेस प्रदेशको अर्थतन्त्रको मेरुदण्ड कृषि हो । यहाँ उत्पादन वृद्धि, माटो सुधार र किसानको आय बढाउने विषय भाषणमा होइन, नीति, बजेट र प्रभावकारी कार्यान्वयनमा देखिनुपर्छ । यदि सरकारले किसानलाई प्रांगारिक मल उत्पादनमा प्रोत्साहन, बजारको सुनिश्चितता र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्यो भने मात्र यस्ता सल्लाहले सार्थकता पाउनेछन् ।

यही यथार्थ अन्य क्षेत्रमा पनि लागू हुन्छ । अर्थतन्त्र सुस्त छ, निजी क्षेत्र अझै विश्वस्त छैन, युवाको विदेश पलायन रोकिएको छैन र आधारभूत सेवामा अपेक्षित सुधार देखिएको छैन । सत्तारूढ गठबन्धनभित्रैबाट सरकारको कार्यशैलीमाथि प्रश्न उठ्न थालेका छन् । यस्तो अवस्थामा जनविश्वास फर्काउने एउटै उपाय छ–भनाइभन्दा गराइलाई प्राथमिकता दिनु । जनताले अब आश्वासन होइन, परिणाम खोजिरहेका छन् । सरकारको लोकप्रियता पनि भाषणले होइन, कामले नै स्थापित हुनेछ ।

## राशिफल

मेष - नयाँ जिम्मेवारी आउन सक्छ ।
वृष - आम्दानी बढ्ने संकेत छ ।
मिथुन - सफलता मिल्नेछ ।
कर्कट - मनमा उत्साह बढ्नेछ ।
सिंह - जागिरमा प्रगतिको अवसर मिल्ने ।
कन्या - आफन्तसँग सम्बन्ध सुदृढ हुने ।
तुला - साझेदारीबाट लाभ मिल्न सक्छ ।
वृश्चिक - विजय प्राप्त हुने ।
धनु - भाग्यको साथ मिल्नेछ ।
मकर - कार्यक्षेत्रमा व्यस्तता बढ्ने ।
कुम्भ - नयाँ अवसरले उत्साहित बनाउने छ ।
मिन - रमाइलोमा दिन बित्ने ।

# सुनसरी घटनामा चुक्यो सुरक्षा निकाय




**नारायण अधिकारी**

*काठमाडौं, साउन ११ गते ।*

सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा दुई समुदायबीच भएको झडपमा सुरक्षाकर्मीको गोली लागेर आइतबार राति एक युवकको ज्यान गयो ।

जिल्ला प्रशासन कार्यालय सुनसरीका प्रमुख जिल्ला अधिकारी (सीडीओ) वासुदेव घिमिरेका अनुसार हटिया क्षेत्रमा दुई समुदाय पक्षधरबीच मेलाको विषयमा विवाद भएको थियो । एउटा समुदायले सोमबारका लागि शिव भजनकिर्तन राख्न भन्दै हटिया क्षेत्रमा ठूलो आवाजमा डिजे बजाएको थियो ।

डिजेले आफूहरूलाई डिस्टर्ब गरेको अर्को समुदायको आरोप थियो । चर्को आवाजमा डिजे बजाइएको विषयमा दुई पक्षबीच विवाद सुरु भएको थियो । आइतबार राति १० बजेतिर बोलबमका लागि भन्दै कोशी ब्यारेजबाट जल लिएर डिजे बजाउँदै एउटा समूह कप्तानगञ्ज चोकतर्फ गइरहेको थियो ।

चर्को आवाजको डिजेको विषयलाई लिएर दुई पक्ष बीच भनाभन र धकेलाधकेल सुरु भयो । त्यसपछि त्यो दुई पक्षको भीड झडपमा परिणत भएको सीडीओ घिमिरेले जिल्ला सुरक्षा समितिमा ब्रिफिङ गराएका छन् ।

झडप हुन थालेपछि इलाका प्रहरी कार्यालयल देवानगञ्ज इन्स्पेक्टर राकेश राईको टोली घटनास्थल पुगेको दाबी गरिएको छ । दुवै पक्षलाई सम्झाउन खोज्दा पनि नमानी घरेलु हतियारसहित आक्रमणमा उत्रिएको दाबी सुरक्षा निकायको छ ।

त्यसपछि अवस्था तनावपूर्ण बनेको, इन्स्पेक्टर राईकै टाउको फुटेको प्रहरीको भनाइ छ । प्रहरीको टाउको फुटेपछि सशस्त्र प्रहरीको टोली घटनास्थल पुगेको, सशस्त्रलाई पनि भिडले आक्रमण गर्न थालेको र आत्मरक्षाका लागि सुरक्षाकर्मीले हवाई फायर गर्नु परेको दाबी सुरक्षा निकायको छ । २० राउन्ड जति हवाई फायर भएको रिपोर्टिङ आफूलाई आएको सीडीओले दाबी गरेका छन् ।

तर हवाई फायर भनिए पनि सुरक्षाकर्मीको गोली लागेर देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जका २४ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भएको छ । ९ जना सर्वसाधारण घाइते भएका छन् । सुरक्षाकर्मीतर्फ १३ जना घाइते भएको बताइएको छ ।

**संवेदनशील स्थल**

अहिले झडप भएर एक जनाको मुत्यु भएको र करिब दुई दर्जन घाइते भएको ठाउँ पहिल्यैदेखि संवेदनशील मानिन्छ । सुरक्षाका हिसाबले निकै संवेदनशील मानिएको ठाउँ र आइतबार राति झडप हुनुभन्दा केही दिन पहिलादेखि नै विवाद हुँदा पनि सुरक्षामा संवेदनशीलतामा खेलाँची गर्दा मानवीय क्षति हुने अवस्था आएको छ ।

कप्तानगञ्जको यो विवाद भने चार दिन पहिलेदेखि भएको थियो । चार दिन पहिले भएको विवादका बारेमा प्रशासनले गम्भीर रुपमा लिएर छलफलबाट विवाद नटुंग्याउँदा यो अवस्था आएको छ । यसमा सुरक्षा निकायका साथै जिल्ला प्रशासन कार्यालयको पनि कमजोरी देखिन्छ । एउटा झण्डा राखिएको र उक्त झण्डा हटाउने विषय, डिजेको अर्को आवाज जस्ता विषय अहिलेको यो झडपमा देखा परेका छन् । चार दिन पहिलेको यो विषयमा प्रशासनले तदारुकता नदेखाउँदा आइतबार राति दुःखद घटना भएको छ ।

आइतबार राति घटना भएपछि अहिलेसम्म सुनसरीमा तनाव छ । तनाव सिर्जना भएपछि सोमबार बिहान ७ बजेदेखि सुनसरीमा कर्फ्यु लगाइएको छ ।

अहिले सडकमा नेपाली सेनाको टोली हतियारसहित उपस्थित भएको छ । माइकिङ गर्दै घरबाट बाहिर ननिस्कन आग्रह गरेको छ । सार्वजनिक केही भिडियो, तस्बिरहरूमा भाटा लिएर सडकमा केही व्यक्तिहरू निस्केको पनि देखिन्छ ।

घटनाबारे राष्ट्रिय मानव अधिकार आयोगले जारी गरेको विज्ञप्तिमा पनि सुनसरी घटनमा सुरक्षा कमजोरीबारे उल्लेख गरेको छ ।

आयोगका प्रवक्ता टिकाराम पोखरेलद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको छ, 'सुनसरीमा देखा परेको कमजोर शान्तिसुरक्षाको स्थितिलाई मजबुत बनाउन, घटनाको अनुसन्धान गरी दोषीलाई कानूनी कारबाहीको दायरामा ल्याउन, मृतकका परिवारलाई राहत र क्षतिपूर्ति उपलब्ध गराउन तथा घाइतेहरूको निःशुल्क र प्रभावकारी उपचार गर्न आयोग नेपाल सरकारलाई निर्देशन गर्दछ ।'

**ओमप्रकाशको मृत्युमा जिम्मेवार को ?**

दुई पक्षबीच विवाद हुंदा सुरक्षाकर्मीले अनावश्यक रूपमा बल प्रयोग र गोली चलाएको आरोप छ । सुनसरी-२ का प्रतिनिधिसभा सदस्य लालविक्रम थापाले त गोली चलाउनु नपर्ने अवस्थामै सुरक्षाकर्मीले गोली चलाएको आरोप लगाएका छन् ।

'यो घटनामा कुनै पनि हालतमा कहीं पनि गोली चलाउनुपर्ने कन्डिसन छँदैछैन' सांसद थापाले भनेका छन्, 'नागरिकमाथि डङ्डङ् गोली चलाको छ । कमसेकम एउटा मर्यादा हुन्छ नि !'

सांसद थापाले भने जस्तै सुरक्षाकर्मीले चलाएको गोली अधिकांशलाई कम्मरभन्दा माथि लागेको छ । घाइते जयप्रकाश मेहताको पेट, मिथलेश यादवको बायाँ कोखामा, अमलेश मेहताको बायाँ काँधमा, मिथलेश मेहताको बायाँ कोखामा, अमित कुमार यादवको कोखामा, रवीन्द्र मेहताको तिघ्रामा, अमित कुमार यादवको कम्मरमा, सुनिल कुमार मेहताको घुँडा र कुहिनामा चोट लागेको छ ।

यो घटनाले सुरक्षाकर्मीको बल प्रयोग शैलीमाथि फेरि प्रश्न उठाएको छ । नेपाल प्रहरीका एक पूर्वडीआईजी पनि अधिकांशको कम्मरमाथि गोली लाग्नुमा प्रहरीको बल प्रयोग शैलीमाथि प्रश्न उठ्ने बताउँछन् ।

यसअघि गृहमन्त्री सुधन गुरुङ आफैंले यस्ता घटना हुँदा सरकारले नागरिकको हत्या गरेको आरोप लगाउने गरेका थिए । अझ जेनजी आन्दोलनमा त प्रहरीको कारबाहीको विषयलाई लिएर ठूलो विवाद नै भयो । मुद्दा दर्ता गरेर पक्राउ गर्नेसम्मका घटनाहरू भए ।

अहिले यो घटना पनि सरकारले जिम्मेवारी लिनुपर्ने भन्दै आवाज उठ्न थालेको छ । प्रमुख विपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले त यो घटनाको जिम्मेवारी सरकारले लिनुपर्ने बताएका छन् । शान्ति-सुरक्षा कायम गर्न नसक्नु गृह मन्त्रालयको कमजोरी भएको भन्दै गृहमन्त्रीले घटनाबारे जवाफ दिनुपर्ने उनले औंल्याएका छन् ।

यता सुनसरीका एक सुरक्षा अधिकारीको दाबी भने फरक छ । गोली चलाउनुपर्ने अवस्था नै थिएन भन्ने दाबी गलत रहेको ती अधिकारी बताउँछन् ।

'अहिले सुरक्षाकर्मीले चलाएको गोली लागेर एक जनाको मृत्यु भएको छ । अनावश्यक गोली चलाइयो भन्ने तर्क पनि छ। गोली नै नचलाएको भए दुई पक्षको झडपमा अरू थुप्रै मानवीय क्षति हुनसक्ने जोखिमलाई पनि हामीले बुझ्न आवश्यक छ' ती अधिकारीको दाबी छ ।

**गृहमन्त्रीको दौडाहाले काम गरेन**

सुधन गुरुङ गृहमन्त्री बनेपछि सबैभन्दा बढी दौडाहा उनले तराई केन्द्रित नै गरेका छन् । पूर्वीतराईदेखि मध्य तराईका विभिन्न जिल्लाहरूमा अनगुमन, सुरक्षा निकायलाई निर्देशन दिनेदेखि सीमा नाकाको निरीक्षणसम्म गरेका छन् ।

तर, उनको तराई दौडको कुनै अर्थ नरहेको अहिलेको घटनाले पुष्टि गरेको तराई मामलाका जानकार चन्द्र किशोर बताउँछन् । 'गृहमन्त्रीज्यू सबैभन्दा बढी तराई-मधेश केन्द्रित नै भएको देखिन्छ । तर उहाँ तराई आएर के गर्नुहुन्छ ? उहाँको छड्के कति प्रभावकारी छ भन्ने अहिलेको घटनाले प्रष्ट पारेको छ' चन्द्रकिशोरले भने ।

फरक-फरक समुदाय बसेको ठाउँमा विशेषरी, होली पर्व, साउन र दशैंको बेलामा विशेष सतर्कता अपनाउनुपर्ने र सोही अनुसारको सुरक्षा निकायलाई आदेश, निर्देशन तथा ब्रिफिङ हुनुपर्ने ३० वर्ष प्रहरी सेवामा बसेर बिताएका एक पूर्वएआईजीको बुझाइ छ ।

तर सुरक्षा निकायलाई औंला ठड्याएर कारबाही मात्रै गर्छु भनेको भरमा सुरक्षा सदृढ नहुने ती एआईजी बताउँछन् । 'कुनै जिल्लामा अनुगनमा जाँदा त्यहाँको सुरक्षा अवस्था कस्तो छ । त्यहाँको भूगोल कस्तो छ । कुन जातजातिको बसोबास छ । सुरक्षा चुनौती के हो र सुदृढ गर्नुपर्ने विषय के हो भन्ने यकिन गरेर मात्रै निर्देशन दिनुपर्ने हुन्छ' ती एआईजी भन्छन्, 'तर औंला ठड्याएर दाँया बाँया भयो भने कारबाही गर्छु भनेर मात्रै सुरक्षा सुदृढ हुन सक्दैन ।'

**स्थानीयस्तरमै समाधान खोज्नुपर्छ**

अहिले सुनसरीमा भएजस्तै घटना यसअघि धनुषा, सर्लाही, पर्सा, रौतहट, बाँके जस्ता जिल्लाहरूमा पनि देखिएका थिए । ती घटनाहरूलाई बेलैमा सम्बोधन गर्दा ठूलो विवाद र क्षति हुन पाएको छैन ।

पर्सामा त कतिसम्म भने गत निर्वाचनको पूर्वसन्ध्यामा मुस्लिम समुदायको मन्दिरमा

- बाँकी पृष्ठ ३ मा

## सुरुङमार्गबाट गाडी...

प्रधानमन्त्री ओलीले शिलान्यास गर्दा राखिएको शिलालेख हराउनु उचित नभएको बताए। उनले उक्त शिलालेख खोजी गरी पुनःस्थापना गर्ने घोषणा गरेका छन्।
ओलीको नाम अंकित शिलालेख तोडफोड गरी हटाइएको भन्दै लामो समयदेखि विभिन्न राजनीतिक वृत्तबाट विरोध हुँदै आएको थियो। सुरुङमार्गको उद्घाटनसँगै पुनः शिलालेखको विषय चर्चामा आएको हो।
नागढुंगा सुरुङमार्गको विकासक्रम भने विभिन्न सरकारसँग जोडिएको छ। सुरुङमार्गको सम्भाव्यता अध्ययन आर्थिक वर्ष २०६६/६७ मा तत्कालीन प्रधानमन्त्री झलनाथ खनाल र डा. बाबुराम भट्टराईको कार्यकालमा सुरु भएको थियो। त्यसपछि २०७६ कात्तिक ४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सुरुङमार्गको शिलान्यास गरेका थिए। सुरुङमार्गको मुख्य टनेलको 'ब्रेकथ्रु' भने पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री रहेका बेला सम्पन्न भएको थियो।
विभिन्न चरणमा अघि बढेको आयोजना अहिले औपचारिक रूपमा सञ्चालनमा आएको हो। सुरुङमार्ग सञ्चालनमा आएसँगै नागढुंगा-नौबिसे सडकखण्डको यात्रालाई सहज बनाउने अपेक्षा गरिएको छ।

## सुनसरी घटनामा चुक्यो...

सुँगुरको टाउको फालेर हिंसा भड्काउने प्रयास समेत भएको थियो। सुरक्षा निकाय चनाखो भएकाले घटना हुनुपूर्व नै नियन्त्रणमा लिन सफल भएको थियो।
तर, सुनसरीको घटनामा भने स्थानीय प्रशासनको कमजोरी देखिएको चन्द्रकिशोरको बुझाइ छ। दुई फरक समुदायको बसोबास छ। अनि साउनको महिनामा बोलबम जान्छन् भन्ने विषय पनि नौलो होइन। यस्तोमा प्रशासन चनाखो हुनुपर्नेमा त्यहाँ कमजोरी भएको उनी बताउँछन्।
पूर्वतयारीमा ध्यान नदिएको प्रशासनले अब भने स्थानीयस्तरमै समझदारी गराउन ढिला गर्न नहुने उनी बताउँछन्। पछिल्ला वर्षमा विशेषगरी तराईका जिल्लाहरूमा चर्को आवाजमा डिजे बजाउनेदेखि विभिन्न पर्वहरूमा हतियार प्रदर्शन गर्नेसम्मका घटनाहरू हुने गरेका छन्।
'एउटा पक्षको धार्मिक आस्था भएको ठाउँमा अर्को पक्ष गरेर नाराबाजी गर्ने, शक्ति प्रदर्शन गर्ने चलन छ। अनि त्यसको बदलामा अर्को पक्षले फेरि त्यही शैली अपनाउँदा यस्ता घटनाहरू दोहोरिएको देखिन्छ' चन्द्र किशोर भन्छन्, ' अब उत्सव मनाउने पनि एउटा आचारसंहिता नै बनाएर कार्यान्वयन गर्नुपर्ने देखिन्छ।'
डिजे बजाउँदा कति साउण्डको बजाउने, कहाँ प्रदर्शन गर्ने, कसरी उत्सव मनाउने, अर्कोको आस्था भएको ठाउँमा प्रदर्शन गर्ने/नगर्ने जस्ता विषय आचारसंहितामै उल्लेख गरेर कार्यान्वयन गरिनुपर्ने उनी बताउँछन्। यस्ता घटनालाई स्थानीयस्तरमै समाधान गर्न सामाजिक र राजनैतिक पहल थालिनुपर्ने बुझाइ उनको छ।
अहिले सुनसरीमा भएको दंगा पोइजन (विष) जस्तो गरी फैलन सक्ने जोखिम रहेकाले जतिसक्दो चाँडो स्थानीयस्तरमै समाधान खोजिनुपर्ने सुरक्षाका जानकारहरूको पनि बुझाइ छ।
'यसलाई जतिसक्दो चाँडा स्थानीय स्तरमै, स्थानीय समुदायलाई नै राखेर समाधान गर्नुपर्छ। यस्तो विषयमा धेरै गहिरिएर खोतल्ने भन्दा पनि जतिसक्दो चाँडो पहिला समाधान खोज्ने र पछि अन्य पाटाहरू खोजेर दीर्घकालीन सामाधान खोजिनुपर्छ' नेपाल प्रहरीका एक पूर्वएआईजी भन्छन्।

## मधेश प्रदेशको आमसञ्चार...

मन्त्री महतोले सरकारले ल्याउन लागेको आमसञ्चार विधेयकको प्रक्रिया तत्कालका लागि रोकिएको जानकारीसमेत दिएका छन्। यसअघि सञ्चार क्षेत्रसँग पर्याप्त सार्वजनिक बहस, परामर्श तथा सहभागिताबिना विधेयक अघि बढाउन खोजिएको भन्दै नेपाल पत्रकार महासंघसहित सञ्चारसम्बद्ध विभिन्न संघसंस्था र सरोकारवालाले आपत्ति जनाउँदै आएका थिए। महासंघले बुझाएको ज्ञापनपत्रमा लोकतान्त्रिक शासन व्यवस्थामा सञ्चारसम्बन्धी कानुन निर्माण गर्दा पत्रकार, सञ्चारगृह, सञ्चारसम्बद्ध संस्था, कानुनविद्, नागरिक समाजलगायत सबै सरोकारवालासँग खुला छलफल, व्यापक परामर्श र सहमति आवश्यक हुने उल्लेख गरिएको छ। पर्याप्त बहस र परामर्शबिना विधेयक ल्याउने प्रयासले प्रेस स्वतन्त्रता, सञ्चार क्षेत्रको संस्थागत स्वायत्तता तथा नागरिकको सूचनाको अधिकारमाथि असर पर्न सक्ने महासंघको निष्कर्ष छ। ज्ञापनपत्रमा मधेश प्रदेश सरकारले हाल कार्यान्वयनमा रहेका 'प्रदेश सञ्चार सम्बन्धी ऐन, २०७७' र 'प्रदेश एफएम, रेडियो तथा टेलिभिजन सञ्चालन सम्बन्धी ऐन, २०७७' लाई प्रतिस्थापन गर्दै 'मधेश प्रदेश आमसञ्चार विधेयक, २०८२' ल्याउने तयारी गरेको विषयप्रति गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ। महासंघले प्रस्तावित विधेयकमार्फत आमसञ्चार प्राधिकरण, मिडिया काउन्सिल तथा चलचित्र तथा लोकप्रवर्द्धन विकास बोर्डजस्ता सञ्चारसम्बन्धी स्वायत्त निकायहरूको संरचनामा परिवर्तन गर्न खोजिएको विषयमा समेत आपत्ति जनाएको छ। सीमित बजेट, जनशक्ति र स्रोत-साधनका बीच कार्यरत स्वायत्त सञ्चारसम्बन्धी संस्थाहरूलाई गाभ्ने वा तिनको संरचनामा परिवर्तन गर्ने निर्णय पर्याप्त अध्ययन, छलफल र सहमतिबिना गर्नु उपयुक्त नहुने महासंघको धारणा छ। यस्ता संस्थालाई कमजोर बनाउनेभन्दा अझ सुदृढ र प्रभावकारी बनाउनुपर्नेमा महासंघले जोड दिएको छ।
महासंघले संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्दै सहभागितामूलक प्रक्रियाबाट मात्र सञ्चारसम्बन्धी कानुन निर्माण गर्न सरकारसँग आग्रह गरेको छ। सरोकारवालाको सुझावलाई बेवास्ता गर्दै विधेयक अघि बढाइए प्रेस स्वतन्त्रता र सञ्चार क्षेत्रको स्वायत्तताको संरक्षणका लागि चरणबद्ध आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनीसमेत महासंघले दिएको छ। यसैबीच, मुख्यमन्त्री कृष्णप्रसाद यादव प्रदेशबाहिर रहेकाले पत्रकारहरूको टोलीले प्रदेशका प्रमुख सचिव शोभाकान्त पौडेललाई पनि ज्ञापनपत्र बुझाएको थियो। प्रमुख सचिव पौडेलले विधेयकसम्बन्धी विषय राजनीतिक तहबाट निर्णय हुने भए पनि आफ्नो तर्फबाट सरकारसमक्ष आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। पत्रकार महासंघको दबाब र सञ्चार क्षेत्रका सरोकारवालाको विरोधपछि मधेश प्रदेश सरकार तत्कालका लागि प्रस्तावित आमसञ्चार विधेयक अघि नबढाउने निष्कर्षमा पुगेको हो।

"स्वस्थ दाँत, उज्यालो मुस्कान"का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)
९८४४३१२२४६

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय :
प्रत्येक दिन बिह(
न ९ बजेदेखि साँझ ५
बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने।

# सलमान खानलाई राहत, हट्ने भयो 'काला हिरण'को टिजर



एजेन्सी
*नयाँ दिल्ली, साउन ११ गते।*

बलिउड अभिनेता सलमान खानसँग सम्बन्धित रहेको भनिएको फिल्म 'काला हिरणः द ब्याटल फर लिगेसी' फेरि समाचारमा छ।
दिल्ली उच्च अदालतले फिल्मको टिजर हटाउन आदेश दिएको छ। अदालतले फिल्मका निर्माता अमित जानीको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै सामाजिक सञ्जालबाट टिजरसहित सम्बन्धित सामग्री हटाउन निर्देशन दिएको हो।
यो फिल्म सन् १९९८ को चर्चित कालो हरिण शिकार प्रकरणबाट प्रेरित भएको बताइएको छ। फिल्मको टिजर सार्वजनिक भएपछि सलमान खानले आफ्नो छवि र व्यक्तिगत अधिकारमा असर परेको भन्दै दिल्ली उच्च अदालतमा मुद्दा दायर गरेका थिए।
सुनुवाइका क्रममा अदालतले सामाजिक सञ्जाल एक्स र युट्युबमा रहेका टिजर तथा अन्य सम्बन्धित लिंक हटाउन आदेश दिएको छ।
साथै, निर्माता अमित जानीलाई कडा टिप्पणी गर्दै अदालतले आफू कानूनभन्दा माथि रहेको जस्तो व्यवहार नगर्न चेतावनी दिएको छ। अदालतले निर्माता पक्षका कानुनी प्रतिनिधिलाई सम्बोधन गर्दै यसअघि कुनै आदेश जारी नभएकाले उनीहरूको दुस्साहस बढेको टिप्पणी गरेको थियो। अदालतले सामान्य नागरिकप्रति पनि यस्तो व्यवहार स्वीकार्य नहुने स्पष्ट पारेको छ।
निर्माता अमित जानीका वकिलले भने यो केवल टिजर मात्र भएको र त्यसमा सलमान खानको नाम उल्लेख नगरिएकाले उनको व्यक्तित्व अधिकार उल्लङ्घन नभएको दाबी गरेका थिए।
उनले टिजरमा कुनै डीपफेक वा कृत्रिम बौद्धिकता (एआई)बाट तयार गरिएको भिडियो प्रयोग नगरिएको पनि बताएका थिए।।
यता, सलमान खानका वकिलले नाम उल्लेख नगरिए पनि फिल्ममा देखाइएको पात्रको स्वरूप, कथावस्तु र प्रस्तुतिले सलमान खानलाई स्पष्ट रूपमा संकेत गरेको तर्क गरेका छन्।
उनका अनुसार यसले अभिनेता सलमान खानको सार्वजनिक छविमा नकारात्मक असर पार्न सक्छ। सलमान पक्षले कालो हरिण शिकार प्रकरणका चार मुद्दामध्ये तीनमा सलमान खानले सफाइ पाइसकेको र बाँकी एक मुद्दामा सजाय कार्यान्वयन रोकिएको स्मरण गराउँदै फिल्मले पुरानो विवादलाई नयाँ ढंगले प्रस्तुत गरी उनको प्रतिष्ठामा क्षति पुऱ्याउने प्रयास गरेको दाबी गरेको छ। साथै, फिल्मले विश्नोई समुदायलाई पनि सलमान खानविरुद्ध उक्साउन सक्ने आशंका व्यक्त गरिएको छ।
यो विवाद फिल्मको पहिलो पोस्टर सार्वजनिक भएपछि सुरु भएको थियो। पोस्टरमा मुख्य कलाकार काशिफ इकबाल खानको स्वरूप सलमान खानसँग मिल्दोजुल्दो देखिएको थियो।
त्यसपछि सार्वजनिक भएको टिजरमा सलमान खान र ग्याङ्स्टर लरेन्स विश्नोईबाट प्रेरित पात्रहरू देखाइएको तथा कालो हरिण प्रकरणको स्पष्ट सन्दर्भ समावेश गरिएको थियो।
टिजरमा फिल्म विश्नोई समुदायलाई समर्पित गरिएको उल्लेख गरिएपछि विवाद थप चर्कियो।
यद्यपि बढ्दो विवादपछि निर्माता पक्षले आफ्नो फिल्म कुनै एक व्यक्तिलाई लक्षित गरेर नबनाइएको दाबी गरे। अदालतमा यस मुद्दाको थप सुनुवाइ अझै जारी रहने जनाइएको छ।

## डा. गोविन्द केसीले तोडे...

आवश्यक जनशक्ति, उपकरण खरिद तथा अस्पताल सञ्चालनसँग सम्बन्धित सम्पूर्ण व्यवस्थासमेत तत्काल मिलाउनेछ।
विश्वविद्यालयसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयकमा शहीद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८२ लाई समेत समेटी विश्वविद्यालयका पदाधिकारीको योग्यता र नियुक्तिलगायतका विषयमा संशोधन प्रक्रिया अघि बढाउने सहमति भएको छ।
उक्त प्रक्रिया संघीय संसद्को चालु अधिवेशनबाटै, अर्थात् तीन महिनाभित्र अघि बढाउन नेपाल सरकारसमक्ष प्रस्ताव पेस गरिनेछ।
चिकित्सा शिक्षा आयोगले राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५, राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ तथा चिकित्सा शिक्षा प्रदान गर्ने शिक्षण संस्थाको गुणस्तर मूल्याङ्कन तथा सिट निर्धारणसम्बन्धी एकीकृत कार्यविधि, २०८३ ले तोकेको मापदण्डअनुसार सिट निर्धारण गर्नेछ।
सहमति अनुसार निजी शिक्षण संस्थामा सिट वृद्धि गरिने छैन। तर, सार्वजनिक शिक्षण संस्थाको सिट संख्या वृद्धि गर्न भने बाधा नपर्ने व्यवस्था गरिएको छ। ऐनमा भएको व्यवस्थाअनुसार छात्रवृत्तिसम्बन्धी व्यवस्था पनि यथावत् राखिनेछ।
राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ४७ मा रहेको व्यवस्थाअनुसार नेपालमा सञ्चालित चिकित्सा शिक्षण संस्थालाई क्रमशः गैरनाफामूलक तथा सेवामूलक संस्थाका रूपमा सञ्चालन गर्ने प्रावधान कार्यान्वयनका सम्बन्धमा अध्ययन गरिने भएको छ। यसका लागि शिक्षा तथा खेलकुद मन्त्रालयले नेपाल सरकारसमक्ष उच्चस्तरीय कार्यदल गठनको प्रस्ताव पेस गर्नेछ। कार्यदलले अध्ययन गरी छ महिनाभित्र रायसुझावसहितको प्रतिवेदन पेस गर्नेछ।
त्यसैगरी, सुदूरपश्चिमलगायत सीमावर्ती क्षेत्रका नागरिक स्वास्थ्य, शिक्षा, यातायात र रोजगारीका लागि छिमेकी मुलुकमा निर्भर हुनुपर्ने बाध्यताको अन्त्य गर्न आवश्यक पूर्वाधार तथा सेवा प्राथमिकताका साथ विस्तार गर्ने सहमति भएको छ। नागरिक अधिकार र राष्ट्रिय आत्मसम्मानको रक्षा गर्न संघीय तथा प्रदेश सरकारले आवश्यक समन्वय तथा सहजीकरण गर्नेछन्।
यसैगरी, जेन-जी आन्दोलनका क्रममा भएका जघन्य हत्या, आगजनी, लुटपाट तथा विनाशका घटनामा संलग्न दोषीलाई कडा कारबाही गर्ने सहमति भएको छ।
२०४६ सालदेखि हालसम्म उच्च पदस्थ राजनीतिज्ञ तथा पदाधिकारीबाट भएका भ्रष्टाचार एवं अपराधको निष्पक्ष छानबिन गरी आवश्यक प्रक्रिया अघि बढाइसकिएको सन्दर्भमा त्यसलाई थप तदारुकताका साथ अघि बढाउने सहमतिमा उल्लेख छ।
विगतमा सरकार र डा. केसीबीच भएका सहमति कार्यान्वयनको अवस्थाबारे अध्ययन गरी तीन महिनाभित्र प्रतिवेदन पेस गर्न कार्यदल गठन गरिने भएको छ। शिक्षा तथा खेलकुद मन्त्रालय, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय र चिकित्सा शिक्षा आयोगका प्रतिनिधि सम्मिलित उक्त कार्यदल शिक्षा तथा खेलकुद मन्त्रालयले तत्काल गठन गर्ने सहमति भएको छ।

# जनकपुरका होटल तथा पानी उद्योगमा विभागको छापा




द पब्लिक टुडे समाचारदाता

*जनकपुरधाम, साउन ११ गते ।*

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले जनकपुरधामका विभिन्न होटल तथा पानी उद्योगमा अनुगमन गर्दै मापदण्डविपरीत गतिविधि गर्ने तीन व्यवसायलाई कारबाही तथा सुधारका लागि निर्देशन दिएको छ ।

खाद्य स्वच्छता तथा गुणस्तरसम्बन्धी उजुरी आएपछि विभागअन्तर्गतको जनकपुरधाम कार्यालयले गत साउन ५ गते विभिन्न होटल तथा पानी उद्योगमा स्थलगत अनुगमन गरेको थियो ।

अनुगमनका क्रममा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ विपरीतका गतिविधि भेटिएपछि तीनवटा व्यवसायलाई कारबाही तथा आवश्यक सुधारका लागि निर्देशन दिइएको विभागले जनाएको छ ।

अनुगमनका क्रममा जनकपुरधाम-८ मा रहेको इनेजिक केगंन वाटर उद्योगले मापदण्डविपरीत काम गरेको पाइएको थियो । उद्योगले प्रशोधित पिउने पानी उत्पादनका लागि सिफारिस लिएको भए पनि २० लिटरको जारमा ‘अल्कालाइन वाटर’ नामबाट पानी बिक्री वितरण गरिरहेको भेटिएको विभागले जनाएको छ ।

त्यसैगरी, उद्योगको नामसमेत परिवर्तन गरी ‘मिराकल वाटर उद्योग’ राखिएको पाइएको थियो । विभागले हाललाई उक्त उद्योगबाट उत्पादित ‘अल्कालाइन वाटर’ बिक्री वितरण नगर्न निर्देशन दिएको छ । साथै, सम्पूर्ण आवश्यक कागजातसहित कार्यालयमा उपस्थित हुनसमेत उद्योगलाई निर्देशन दिइएको छ ।

यस्तै, जनकपुरधाम-१० स्थित श्री होटल मिथिला चिरायूमा पनि सरसफाइको अवस्था कमजोर रहेको पाइएको छ । अनुगमनका क्रममा मसीले छापिएको पत्रपत्रिका खानाको प्रत्यक्ष सम्पर्कमा आउने गरी प्रयोग गरिएको भेटिएको विभागले जनाएको छ ।

विभागले होटललाई सरसफाइमा विशेष ध्यान दिन तथा खानाको प्रत्यक्ष सम्पर्कमा पत्रपत्रिका प्रयोग नगर्न निर्देशन दिएको छ ।

जनकपुरधाम-४ स्थित सौरभ खाउँ खाउँ चाट पसलमा पनि खाद्य स्वच्छतासम्बन्धी मापदण्ड पालना नभएको पाइएको छ ।

पसलमा मसी लागेको पत्रिका खानाको प्रत्यक्ष सम्पर्कमा आउने गरी प्रयोग गरिएको र सरसफाइमा समेत कमी रहेको अनुगमन टोलीले फेला पारेको थियो ।

त्यसका साथै, पकाएर तयार गरिएको खाना सुरक्षित तापक्रममा नराखिएको समेत पाइएको विभागले जनाएको छ ।

विभागले चाट पसललाई सरसफाइमा सुधार गर्न, खानाको प्रत्यक्ष सम्पर्कमा मसीयुक्त पत्रिका प्रयोग नगर्न तथा पकाएको खाना सुरक्षित तापक्रममा भण्डारण गर्न निर्देशन दिएको छ ।

विभागले अनुगमन गरिएका सबै व्यवसायलाई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अनुसार आवश्यक मापदण्ड पूरा गरी खाद्य स्वच्छता कायम गर्न निर्देशन दिएको जनाएको छ ।

# नारायणी अस्पतालका सेवा सञ्चालन गर्न मन्त्रालयको आग्रह

द पब्लिक टुडे समाचारदाता

*जनकपुरधाम, साउन ११ गते ।*




स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले वीरगन्जस्थित नारायणी अस्पतालको सबै सेवा नियमित सञ्चालन गर्न चिकित्सक तथा स्वास्थ्यकर्मीसँग अनुरोध गरेको छ ।

शनिबार अस्पतालमा भएको घटनाको सम्बन्धमा सोमबार मन्त्रालयले आफ्नो धारणा सार्वजनिक गर्दै स्थानीय प्रशासनलाई घटनामा संलग्न दोषी पत्ता लगाइ कानुनी कारबाहीको दायरामा ल्याउनहुन र सर्वसाधारण सबैलाई अस्पतालको संवेदनशिलतालाई बुझेर सेवा निरन्तर हुने वातावरण बनाइदिनु हुन अनुरोध गरेको हो ।

शनिबार वीरगन्ज महानगरपालिका-२५ निवासी ४५ वर्षीय राजकुमार पटेलको उपचारका क्रममा मृत्यु भएपछि निजका परिवारका सदस्य तथा आफन्तले उपचारमा लापरबाही भएको आरोप लगाउँदै आकस्मिक कक्षमा कार्यरत मेडिकल अफिसर डा प्रमोद राममाथि आक्रमण गर्दा उनी गम्भीर घाइते भएका छन् ।

चिकित्सकमाथि भएको आक्रमणको विरोधमा स्वास्थ्यकर्मीले आकस्मिकलगायत सेवा बन्द गर्दै आएका छन् । मन्त्रालयले भनेको छ, ‘नारायणी अस्पताल, वीरगञ्जमा उपचारका क्रममा बिरामीको निधन भएको घटनाप्रति मन्त्रालय गहिरो दुःख व्यक्त गर्दछ । साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ । उक्त घटनापछि अस्पतालमा भएको तोडफोड तथा उपचारमा संलग्न चिकित्सक एवं स्वास्थ्यकर्मीमाथि भएको आक्रमणप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।’ बिरामीको जीवन बचाउन दिनरात सेवामा खटिने स्वास्थ्यकर्मीबाट कुनै त्रुटि हुन गएमा त्यसको छानबिन गरी कानुनी उपचार र न्यायका लागि प्रचलित कानुन बमोजिम हुने व्यवस्था विद्यमान रहेको जनाउँदै मन्त्रालयले त्यस प्रकारका हिंसाका घटनाप्रति शून्य सहनशीलताको नीति दोहोयाएको छ । विज्ञप्तिमा उल्लेख छ, ‘स्वास्थ्य अत्यन्त संवेदनशील क्षेत्र हो । त्यसैले उपचारमा संलग्न हुने सेवाग्राही र सेवा प्रदायक सबैले यो संवेदनशीलता बुझ्नु जरुरी महत्त्वपूर्ण छ । सबै अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई बिरामीको सेवामा निर्भय, सुरक्षित, उच्च मनोबलका साथ निरन्तर सेवामा समर्पित हुने वातावरण बनाउन मन्त्रालय कटिबद्ध छ ।’

मन्त्रालयले सबैलाई संयमित हुन र अस्पतालको सेवा नियमित रूपमा सञ्चालन गर्न आफ्नो ठाउँबाट सहयोग गरिदिनुहुन पनि सबैमा अनुरोध गरेको छ ।

# ‘मानवअधिकार संरक्षण गर्न प्रदेशस्तरीय कानुन आवश्यक छ’

**जनकपुरधाम :** मधेस प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले मानव अधिकारको प्रभावकारी संरक्षणका लागि प्रदेश सरकारले छुट्टै मानव अधिकारसम्बन्धी ऐन ल्याउनुपर्ने आवश्यकता औँल्याएका छन् ।

अनौपचारिक सेवा केन्द्र (इन्सेक), सबल नेपाल र मुक्ति नेपाललगायत संस्थाको संयुक्त आयोजनामा जनकपुरधाममा आजदेखि सुरु भएको मधेस प्रदेश मानव अधिकार सम्मेलनको उद्घाटन गर्दै प्रदेश प्रमुख कर्णले समतामूलक समाज



निर्माणका लागि नागरिक समाज, नागरिक अगुवा र राज्य सबै मिलेर अघि बढ्नुपर्ने बताए ।

प्रदेश प्रमुख कर्णले विश्व प्रविधिमा तीव्र फड्को मारिरहेको अवस्थामा पनि नेपाली समाजमा देखिएका जातीय विभेद र महिलामाथिको हिंसाका घटनलाई निरुत्साहित गर्नुपर्ने आजको आवश्यकता भएको बताए ।

उनले प्रदेश सरकारले मानव अधिकार संरक्षणका लागि ठोस कानुनी आधार तयार गर्नुपर्ने भन्दै सम्मेलनबाट सरकारलाई आवश्यक नीति तथा सुझाव प्राप्त हुने अपेक्षा व्यक्त गरे ।

# मधेशको आमसञ्चार विधेयक रोकियो

द पब्लिक टुडे समाचारदाता

*जनकपुरधाम, साउन ११ गते ।*



मधेश प्रदेश सरकारले अध्यादेशमार्फत ल्याउने तयारी गरेको ‘मधेश प्रदेश आमसञ्चार विधेयक, २०८२’ तत्कालका लागि अघि नबढाउने भएको छ । सञ्चार क्षेत्रका सरोकारवालासँग पर्याप्त छलफल र परामर्श नगरी विधेयक अघि बढाउन खोजिएको भन्दै महासंघले सरकारलाई ज्ञापनपत्र बुझाएपछि गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले विधेयकको प्रक्रिया तत्काल रोकिएको बताएका हुन् ।

नेपाल पत्रकार महासंघ, मधेश प्रदेशका सचिव हदिस खुद्दारको नेतृत्वमा गएको पत्रकारहरूको टोलीले मन्त्री महतोलाई ज्ञापनपत्र बुझाउँदै प्रस्तावित विधेयक तत्काल रोक्न र सञ्चार क्षेत्रका सरोकारवालासँग व्यापक छलफल तथा परामर्शपछि मात्र प्रक्रिया अघि बढाउन माग गरेको थियो ।

ज्ञापनपत्र बुझ्दै मन्त्री महतोले केही सञ्चारकर्मीको सुझावका आधारमा विधेयक अघि बढाइएको स्वीकार गर्दै अब नेपाल पत्रकार महासंघ, मधेश प्रदेश समिति, प्रदेशका आठवटै जिल्ला शाखाका पदाधिकारी तथा सञ्चार क्षेत्रका विज्ञहरूसँग विस्तृत छलफल नगरी कुनै निर्णय नलिने प्रतिबद्धता जनाए ।

‘अब यो विधेयक तत्काल अघि बढ्दैन । पत्रकारको हकहितको संरक्षण मेरो पहिलो प्राथमिकता हो । यस विषयमा कुनै शंका नगर्नुहोस् । तपाईंहरूको सुझाव र सहमतिका आधारमै सरकारले आगामी निर्णय लिनेछ,’ मन्त्री महतोले भने ।

*- बाँकी पृष्ठ ३ मा*

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षो नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादकः सन्तकुमार क्षेत्री